मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलान्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

☎ ०११-१४१२११२
०११-१४१२११३
०११-१४१२११४

## किसान सूचीकरण कार्यक्रमका लागि गणक/सहजकर्ता आवश्यकता सम्बन्धी दरखास्त आह्वान गरिएको सूचना !!!

**पुन: प्रकाशन मिति: २०८१/११/१८**

यस मण्डनदेउपुर नगरपालिकाको चालु आ.व. २०८१/०८२ मा संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरित (सशर्त) अनुदान कार्यक्रम अनुसार यस न. पा.को वडा नं. ७, ८ र ९ मा किसान सूचीकरण गर्ने निर्धारित कार्यक्रम सञ्चालनार्थ **"किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७"** अनुसार तोकिएको वडाहरुमा किसान सूचीकरणका लागि गणक/सहजकर्ता नियुक्ति गर्नका लागि मिति: २०८१/१०/३० मा १५ दिने म्याद अवधिको दरखास्त आव्हानका लागि सूचना प्रकाशन गरिएकोमा उक्त म्याद भित्र माग गरिए अनुसारको दरखास्त निवेदन प्राप्त नभएकोले पुन: गणक/सहजकर्ता नियुक्तिको लागि यस न.पा. अन्तरगतका तपशिल अनुसारको योग्यता पुगेका ईच्छुक नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस न.पा.को कृषि विकास शाखामा निवेदन पेश गर्नका लागि पुन: यो सूचना प्रकाशन गरिएको छ ।

१. आवश्यक पद:

| क्र.सं. | पद | आवश्यक माग संख्या प्रति वडा | जम्मा गणक/सहजकर्ताको मागको संख्या |
|---|---|---|---|
| १ | किसान सूचीकरणका लागि गणक/सहजकर्ता | वडा नं. ९ का लागि ३ जना | ३ जना |

२. आवश्यक शैक्षिक योग्यता:

- मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ वा प्रविणता प्रमाण-पत्र उर्तिण वा सोसरह पास गरेको हुनु पर्नेछ ।
- कम्प्युटर सम्बन्धि आधारभूत तालिम लिएको हुनु पर्नेछ ।
- सूचीकरण कार्यक्रम डिजीटल/सप्टवेयरमा गर्नु पर्ने भएकोले ईन्टरनेट चलाउन सक्ने र द्रुतगतिमा चल्ने एन्ड्रोईड वा स्मार्ट फोन वा टयावलेट वा ल्यापटप आफ्नै भएको एवं चलाउन पोख्त भएको हुन पर्नेछ ।
- कृषि तथा पशु विज्ञान विषय अध्ययन गरेकालाई प्राथमिकता दिईनेछ ।
- अनुभवी/सम्बन्धित वडाबासीलाई प्राथमिकता दिईनेछ ।

३. उमेर १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनु पर्नेछ ।

४. निवेदनका साथ पेश गर्नु पर्ने कागजातहरु:

- कार्यक्रमका लागि निवेदन,
- नागारिकताको प्रतिलिपी,
- शैक्षिक प्रमाण पत्रको प्रतिलिप,
- हालसालै खिचेको पासपोर्ट साईजको फाटो ३ प्रति,
- आवश्यक अनुभव र तालिमको प्रमाण पत्रको प्रतिलिपी,
- वडा कार्यालयको सिफारिस ।

५. तलव सुविधा: किसान सूचीकरण कार्य विधि, २०७७ अनुसार घरधुरी सूचीकरण गरेको आधारमा उपलब्ध गराईनेछ ।

६. दरखास्त फाराम यस न.पा.को कृषि विकास शाखाबाट उपलब्ध गराईनेछ ।

२०८१/११/१८

चुन बहादुर राई
कृषि शाखा प्रमुख

**नोट:-** अन्य आवश्यक थप जानकारी लिनु परेमा कृषि विकास शाखामा सम्पर्क राख्नु हुन ।

**बोधार्थ:-** सूचना तथा प्रविधि शाखा, मण्डनदेउपुर नगरपालिका ।